



# बुद्ध दर्पण

## राष्ट्रिय दैनिक

**The Buddha Darpan National Daily**







वर्ष ६ अंक २६६ २५ चैत २०७७ बुधबार 07 April 2021 Wednesday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ


## कोटा प्रणाली हटाउन माग

# सुनचाँदीवाट बार्षिक १२ अर्ब राजश्व



कपिलबस्तु २४ चैत

नेपाल सुनचांदी व्यवसायी महासघंका अध्यक्ष मणिरत्न शाक्यले सुनचांदी व्यवसायिले नेपालको कुल ग्राहस्थ उत्पादनमा महत्वपुर्ण भुमिका खेलेको बताउनु भएको छ । उहाले सुनचादी व्यवसायीले सरकारलाई बार्षिक रुपमा १२ अर्ब राजस्वको रुपमा बुझाउदै आएको बताउनुभयो । साथै उहाले करिब २ लाख भन्दा बढी जनसंख्याले सुनचादी व्यवसायबाट रोजगारी पाएको दाबी गर्नुभयो । बाणगंगा सुनचांदी व्यवसायि सघंको ८ औ बार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनलाई प्रमुख अतिथीको रुपमा सम्बोधन गर्दै उहाले यस्तो बताउनुभएको हो ।

साथै उहाले अब बन्ने पञ्चबार्षिय योजना सुनचादीं व्यवसायीको हितमा बन्ने अपेक्षा समेत गर्नुभयो ।यस्तै कार्यक्रममा बरिष्ठ केन्द्रिय उपाध्यक्ष तथा सुनचांदी विज्ञ परामर्श समिती संयोजक प्रेम सेन्चुरी र उपाध्यक्ष जोगलाल विश्वकर्माले अहिले वितरण भैरहेको सुनचादींको कोटा प्रणालीले व्यवसायी समस्यामा परेको बताउदै सुनको विभेदकारी वितरण प्रणाली खारेज भई नया वितरण प्रणाली आउनु पर्नेमा जोड दिनुभयो ।

यसको लागि आफुले सम्बन्धीत निकायमा पहल गर्ने समेत बताउनुभयो। यसैगरी कार्यक्रममा विशिष्ट अतिथी बाणगंगा नगरपालिकाका उप प्रमुख चक्रपाणी अर्याललले नगर भित्रका सुनचादीं व्यवसायीहरुको सुरक्षा प्रदान गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाले व्यवसायिहरुको हकहित, सुरक्षा र संरक्षणका लागि स्थानीय सरकार लागि पर्ने जनाउनुभयो ।

कार्यक्रममा उद्योग बाणिज्य सघंका बरिष्ठ उपाध्यक्ष छवि रेश्मी मगर, मानवअधिकार रक्षक संजाल कपिलबस्तुका जिल्ला अध्यक्ष दोलख बहादुर पछाई, सुनचादीं व्यवसायी सघंका विभिन्न जिल्लाका अध्यक्ष तथा प्रतिनिधी लगाएतले बोल्नुभएको भएको थियो । कार्यक्रम बाणगंगा सुनचादी व्यवसायि सघंका अध्यक्ष डिलबहादुर खातीको अध्यक्षतामा समपन्न भएको हो । सघंमा नगर भित्रका ४९ जना व्यवसायि आबद्ध छन् ।

## मुख्यमन्त्रीले मन्त्री मण्डल पुनरगठन गर्दैं



रुपन्देही २४ चैत

विपक्षी दल जनता समाजवादी पार्टी (जसपा)का सांसदहरु विभाजित हुँदा लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता तत्काललाई टरेको छ । ८७ सदस्यीय प्रदेश सभामा जसपाका ६ जना सांसद छन् । ६ जनामध्ये

(बाँकी 3 पेजमा >>>






## जीप दुर्घटनामा २ को मृत्यू



तानसेन २४ चैत

तानसेन नगरपालिका-७, काजीपौवामा मंगलबार बिहान भएको जिप दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । ट्राफिक प्रहरी कार्यालय, पाल्पा काजीपौवास्थित भित्री सडकखण्डमा भएको दुर्घटनामा बगनासकाली गाउँपालिका-४, खानीछापका २० वर्षीय विजय खाम्चा र रिब्दीकोट गाउँपालिका-४, भैरवस्थानका २७ वर्षीय राजु थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।दुर्घटनामा घाइते भएका दुवै जनाको मिसन अस्पतालमा उपचारका लागि लगिए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले जानकरी दिए ।खुसी फ्रेस हाउसमा कुखुरा छाडेर तानसेन फर्कने क्रममा जिप दुर्घटनामा परेको प्रहरीले जनाएको छ । दुर्घटनाग्रस्त लु २ च ६३२ नम्बरको जिप सडकबाट २० मिटर तल खसेको थियो । प्रहरीले घटनाका सम्बन्धमा थप अनुसन्धान गरेको जनाएको छ ।




# सम्पादकीय

## नेतृत्व छनौटमा पत्रकारहरु

नेपालभरिका पत्रकारहरु आफ्नो नेतृत्व छान्न लागेका छन् । मतदान गर्ने दिन हो आज । चैत्र २५ गते । भोलिसम्म नतिजा प्रकाशित भैसक्ला । प्रविधिको प्रयोग गरेपछि छिटो र छरितो हुने नै भयो । हुन्छ । सञ्चारक्षेत्रको उन्नयनका लागि लागिपर्ने नयाँ नेतृत्वको प्रतिष्पर्धा रोचक र घोचक होला, लागला सहभागीका लागि । प्रतिद्वन्द्वीहरु जो विजित वा पराजित होलान्, सौहार्द्रता कायम रहोस् नतिजा सार्वजनिकरण भैसकेपछि पनि । निर्वाचनका बेलामा अलिकति घोचपेच, एकले अर्को पक्षलाई कमजोर सावित गर्न गरिएका यावत क्रियाकलाप नतिजा प्रकाशनसंगै समाप्त होउन् । तुष कति पनि बाँकी नरहोस् । जति तुष राख्यो उति उकुस्मुकुस् हुन्छ । सहज होस् । उकुस्मुकुस् नहोस् ।

पत्रकार महासंघको चुनावमा सवभन्दा बढी आरोप लागेको विषय बन्यो राजनीतिकरण । प्रजातान्त्रिक परिपाटी अपनाएर प्रतिष्पर्धामा जाँदा चाहेर वा नचाहेर पनि हुने रहेछ त्यस्तो । सञ्चार क्षेत्रमा आफ्नो पकड जमाउन प्रतिष्पर्धा हुने रहेछ सरकार, राजनीतिक दल, गैरसरकारी संघ-सँस्था, दातृ निकाय, प्रशासनिक एवं सुरक्षा निकाय, स्वदेशी तथा विदेशी शक्तिकेन्द्रहरुमा पनि । एकातिरको चुनाव अर्कोतिरको तनाव देखियो, देखाइयो यसपटक मज्जैले । नदेखाएको भए पनि त हुन्थ्यो । अपरिपक्वताको प्रमाण हो यो । अरु देशमा पनि हुन्छ होला यस्तो, तर अदृश्य रुपमा र अलि परिपक्वता अपनाएर । हाम्रोमा अलि काँचै छ लोकतान्त्रिक गणतन्त्र अथवा प्रजातन्त्र जे भने पनि । संक्रमणकालको अन्त्य नहुँदासम्म हुन्छ यस्तो । विस्तारै सहज हुँदै जाला छिप्पिदै गएपछि । स्वतन्त्र र निष्पक्ष हुने वातावरण पनि बन्ला । समय अगावै सवै कुरा वनिबनाउ त कहाँ पो हुन्छ र ? छैन यहाँ पनि । आरोप लाग्यो त्यसैले । सहज रुपमा लिन पर्छ सवैले ।

जहाँको न्याय प्रणाली समेत राजनीतिक दलको आरोपबाट मुक्त छैन, न्यायमूर्तिहरु कोटामा नियुक्त र उन्मुक्त हुन्छन्, अरु कुन संरचना स्वतन्त्र र निष्पक्ष हुनसक्लान् त्यहाँ ? पञ्चायत पछिको समय विभाजन र विद्वेषको जस्तो देखिन गएको छ । संयोजन र एकताका सवै संयन्त्र खुकुलिएका छन् । अराजकतालाई स्वतन्त्रताका रुपमा बुझिनाले बिग्रेको हो । स्वतन्त्रता त धेरै उच्चकोटिको अधिकार प्रयोगको गरिमायुक्त शब्द पो हो त । स्वच्छन्दतालाई पनि स्वतन्त्रताको परिभाषाभित्र छिराउनेहरुले विगारेका छन् । त्यसैको असर राजनीतिक दलमा छ र कसर पसेको हो जिम्मेवार नागरिक एवं पेशागत संघ-सँस्थामा पनि । अछुतो रहेन पत्रकार महासंघ पनि । पछुतो मान्न पर्दैन । सवै कुरा विटुलिएको ठाउँमा पत्रकार महासंघ मात्रै चोखो खोजेर कहाँ पाइन्थ्यो र ?

महासंघमा सवै दल समर्थित पत्रकारहरु छन् । दलीय आवद्धता नदेखाइकन पत्रकारिता गर्नेहरुको सँख्या कम छ । जो कम छन्, उनीहरु आत्मनिर्भर हुन् । अरु सवैका धेरैतिर सम्बन्ध र संलग्नता रहेका होलान् । सम्बन्ध र संलग्नताका पछि लागेर साध्य नहोला । हुँदैन पनि । सञ्चारक्षेत्र आफै सक्षम र आत्मनिर्भर बन्न सकेको छैन । आश्रित अर्थतन्त्र भएको मुलुकको अवस्थाले आफै चित्र प्रस्तुत गरेकै छ ।

# उत्साहहीन औद्योगिक प्रगति



**रमिला भण्डारी**

औद्योगिक नीति-२०६७ कार्यान्वयनमा आएको एक दशक भएको छ। यो अवधिमा औद्योगिक व्यवसायसम्बद्ध कानुन परिवर्तन भए, औद्योगिक व्यवसाय ऐन-२०४९ कार्यान्वयनमा रहेकामा औद्योगिक व्यवसाय ऐन-२०७३ लागू भयो।

नयाँ संविधानको मर्मअनुरूप २०७६ सालमा नयाँ ऐनका रूपमा औद्योगिक व्यवसाय ऐन-२०७६ तर्जुमा भई कार्यान्वयनमा आएको छ। हाल नेपालको संविधान र औद्योगिक व्यवसाय ऐन-२०७६ अनुरूप उद्योग प्रशासन तीन तहका सरकारमार्फत सञ्चालित छ, तीनै तहका सरकारमार्फत आआफ्नो क्षेत्राधिकारभित्र रही औद्योगिक नीति तथा कानुन निर्माण र कार्यान्वयन भैराखेको छ।

औद्योगिक नीति-२०६७ को पहिलो उद्देश्य हो– गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउनु। विगत दस वर्षको औद्योगिक उत्पादन, रोजगारी बढोत्तरी र निर्यात विश्लेषण गर्दा प्रगति सन्तोषजनक छैन। नेपाल राष्ट्र बैंकबाट प्रकाशित प्रतिवेदनअनुसार, आव २०६७/६८ मा प्रमुख उद्योगहरूको क्षमता उपयोग ५४ प्रतिशत रहेकामा आव २०७६/७७ मा ४८.७ प्रतिशतमा झरेको छ। समग्रमा केही वस्तुको उत्पादन बढेको छ, तर पनि औद्योगिक उत्पादन उत्साहजनक छैन।

व्यापारघाटा चार गुणाले बढेको छ। नेपाल श्रमशक्ति सर्वेक्षण-२०६५/६६ अनुसार, १५ वर्ष वा सोभन्दा बढी उमेरका १ करोड १७ लाख ८० हजार जनसंख्या रोजगारीमा भएकामा ७३.९ प्रतिशत कृषिमा र २६.१ गैरकृषिमा थिए। हाल बेरोजगारी दर ११.४ प्रतिशत छ। नेपालमा ८४.६ प्रतिशत रोजगारी अनौपचारिक क्षेत्रमा छ।

स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउनुलाई नीतिको दोस्रो उद्देश्य भनिएको छ। यसअन्तर्गत भौगोलिक विकटता एवं कम आयस्तर भएका तोकिएका अविकसित क्षेत्रमा र विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगलाई कर छुटलगायतका सुविधा तथा सहुलियत उपलब्ध गराए पनि प्रगति भने उल्लेखनीय छैन। जिल्लाको औद्योगिक प्रोफाइल तयार गर्ने, भू-उपयोग योजना तयार गर्ने र परम्परागत सीप तथा स्थानीय कच्चा पदार्थको उपलब्धताका आधारमा सम्भाव्यता हेरी 'एक गाउँ एक उत्पादन' को अवधारणा शिथिल छ। औद्योगिक ग्रामको स्थापनाले भने पछिल्लो समय प्राथमिकता पाएको छ। यद्यपि उद्योगहरू अविकसित क्षेत्रमा आकर्षित हुन सकेका छैनन्। आव २०७६/७७ सम्ममा ६७ प्रतिशत उद्योग वाग्मती प्रदेशमा छन् भने, कर्णालीमा १ प्रतिशत पनि छैनन्।

तेस्रो उद्देश्य नवीनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग-व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रका रूपमा स्थापित गर्ने रहेको छ। आफ्नै प्रयासमा वातावरणमैत्री प्रविधि एवम् ऊर्जा बचत गर्ने उद्योगहरूलाई प्राविधिक र आर्थिक सहयोग पर्याप्त मात्रामा पुर्‍याउन सकिएको छैन। उद्योगहरूलाई प्रदूषणमुक्त र शून्य कार्बनयुक्त तुल्याउन हरित उद्योगको प्रवर्द्धन अपेक्षित रूपमा भएको छैन। औद्योगिक अनुसन्धान तथा विकास, वातावरण संरक्षण र स्वच्छ उत्पादन प्रविधि तथा प्रक्रियाको प्रयोगमा सघाउ पुर्‍याउन ठोस सहुलियत तथा सुविधाको व्यवस्था हुन सकेको छैन। वित्तीय संस्थामार्फत उद्योगमा 'ग्रिन फाइनान्सिङ' लाई प्रोत्साहन गर्न पनि सकिएको छैन।

औद्योगिक नीतिको चौथो उद्देश्य हो– औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सबल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एसिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलका रूपमा स्थापित गर्नु। स्वरोजगारीको अवसर सृजना र उद्योग-व्यवसायमा सृजनशील युवा प्रतिभालाई आकर्षित गर्न औद्योगिक सीप, उद्यमशीलता विकास तथा कुशल औद्योगिक व्यवस्थापनका लागि क्षमता अभिवृद्धिका क्रियाकलाप एकीकृत रूपमा सञ्चालन हुन नसक्ने र क्षमता विकास कार्यक्रमले निरन्तरता नपाउने समस्या यथावतै छ।

आर्थिक नीति, राजस्व नीति, स्थानीय कर र अन्य क्षेत्रगत नीतिबीच छुट तथा सहुलियतका सम्बन्धमा कतिपय अन्तरविरोध कायमै छन्। औद्योगिक व्यवसाय ऐनमार्फत उपलब्ध गराइएका कतिपय सहुलियतमा आर्थिक ऐनले अपनत्व नलिएको अवस्था छ। औद्योगिक सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउन औद्योगिक सुरक्षाको अवधारणालाई कानुनी आधार दिइए पनि व्यावहारिक रूपले उद्योगको मागअनुसार कार्यान्वयन गर्न सकिएको छैन।

वैदेशिक लगानी संरक्षण, विविधीकरण र प्रवर्द्धन गर्न गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने भनिए पनि उल्लेख्य मात्रामा लगानी भित्र्याउन सकिएको छैन। विदेशी लगानीको प्रतिबद्धता र भित्रिने लगानीबीच ठूलो अन्तर छ। प्रत्यक्ष वैदेशिक लगानी बढी गर्ने मुलुकस्थित नेपाली राजदूतावास तथा नियोगमा औद्योगिक लगानी प्रवर्द्धनका लागि भएका आर्थिक कूटनीतिक प्रयासको छुट्टै विश्लेषण आवश्यक देखिन्छ।

निजी तथा सहकारी क्षेत्रसमेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, लघु घरेलु तथा साना उद्योग विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष र गैरव्यावसायिक र गैरव्यापारिक जोखिमको क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोषको सञ्चालन प्रभावकारी रूपले हुन सकेको छैन। उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउन लगानी बोर्ड, एकल विन्दु सेवा केन्द्र, औद्योगिक प्रवर्द्धन बोर्ड, औद्योगिक क्षेत्र व्यवस्थापन प्राधिकरण, औद्योगिक जनशक्ति विकास प्रतिष्ठान छन्। तर सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद र सहकार्य, व्यवसाय सञ्चालन र लगानी अभिवृद्धिमा आइपर्ने बाधा, अवरोध तथा समस्याको पहिचान गरी सरकारलाई सुझाव गर्ने संस्थागत संयन्त्र नेपाल व्यवसाय मञ्च निष्क्रिय छ। उत्पादनमूलक उद्योगबीच उत्पादन प्रक्रियामा अग्र एवम् पृष्ठ सम्बन्धलाई प्रोत्साहित गर्न सकिएको छैन।

पाँचौं उद्देश्य औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने रहेको छ। बौद्धिक सम्पत्ति अधिकार संरक्षणका लागि औद्योगिक बौद्धिक सम्पत्तिअन्तर्गतका ट्रेडमार्क, डिजाइन र पेटेन्टका सम्बन्धमा उद्योग विभागले दर्ता तथा नियमन गर्दै आएको छ भने, प्रतिलिपि अधिकार सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय रहेको छ। बौद्धिक सम्पत्तिको प्रयोग गर्न उद्यमीलाई औद्योगिक व्यवसाय ऐन र आर्थिक ऐनले केही सहुलियत दिई प्रोत्साहन गरिएको छ। उद्योगले बौद्धिक सम्पत्तिमार्फत गर्न सक्ने स्तरोन्नतिको मूलप्रवाहीकरण गर्न सकिएको छैन। विशेष गरी साना उद्योगले बौद्धिक सम्पत्ति संरक्षणमार्फत लाभ लिन सकेका छैनन्। ट्रेडमार्क दर्तामा आकर्षण भए पनि पेटेन्ट र औद्योगिक डिजाइन दर्तामा उल्लेखनीय वृद्धि हुन सकेको छैन। बौद्धिक सम्पत्ति अधिकारको नयाँ विधालाई एकीकृत गरी बौद्धिक सम्पत्ति संरक्षण, नियमन र व्यवस्थापनका लागि छुट्टै सक्षम निकाय स्थापना गर्न सकिएको छैन।

लघु उद्यम, घरेलु तथा साना उद्योगका लागि विशेष नीति लिएकामा यस्ता उद्योग प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने ठोस नीति, कानुन र संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गर्न आवश्यक छ। जिल्लामा उपलब्ध प्राकृतिक स्रोत, मानवीय संसाधन र लगानीका अवसरका आधारमा के कति संख्यामा जिल्ला उद्यम तथा उद्योग विकास योजना तयार भई कार्यान्वयन भए वा भएनन् ? हालको संरचनाअनुसार आन्तरिकीकरण भए वा भएनन् ? लेखाजोखा गर्न कठिन छ। लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको उत्पादनको पहिचान कायम गराई यिनीहरूको प्रवर्द्धनका लागि सामूहिक चिह्नको उपयोग प्रोत्साहन हुन सकेको छैन।

समग्रमा, आर्थिक क्षेत्रमा देखिएका परिवर्तन, सूचना प्रविधिमा आएको क्रान्ति, नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धताबाट औद्योगिक क्षेत्रमा उत्पन्न अवसरहरूको समुचित उपयोग गर्नुका साथै विगतका नीतिगत प्रयासमा समेट्न नसकिएका विषयहरूलाई समावेश गरी निर्माण गरिएको औद्योगिक नीति-२०६७ को प्रगति उत्साहजनक छैन। कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १५.२ प्रतिशतमा सीमित छ, उत्पादनमूलक उद्योगको योगदान ५.६ प्रतिशत मात्र छ।

अन्य देशले उद्योग क्षेत्रलाई चौथो पुस्ताको औद्योगिक अवधारणा (इन्डस्ट्री ४.०) अनुरूप रूपान्तरण गरिरहेकाले नेपालमा पनि प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि सोहीअनुरूपको नीति तथा रणनीति कार्यान्वयन गर्नुको विकल्प छैन। औद्योगिक पूर्वाधार विकास गरी लगानीमैत्री र प्रतिस्पर्धी औद्योगिक वातावरण तयारीका लागि तथ्यमा आधारित व्यावहारिक नीति निर्माण गरी स्पष्ट कार्ययोजनाका साथ कार्यान्वयन गर्नुपर्छ।

*-कान्तिपुरबाट*




बाणगंगा नगरपालिका वडा नम्बर २ को वडाबासीहरुलाई हार्दिक अनुरोध

ब्यतिगत घटनाहरु जस्तै जन्म, मृत्यु र बिवाहको वडा कार्यालमया समयमै दर्ता गराऔ।
शौचालयमा दिसा पिसाब गरौ र साबुन पानीले हात धोऔ।
भीडभाडमा जादा मास्कको अनिवार्य प्रयोग गरौ।
वडालाई स्वच्छ र हराभरा बनाउन सरफाईमा बिशेष ध्यान दिऔ।
पशुपंक्षीहरुलाई छाडा नछाडौ।

अनुरोधक
विष्णु पौडेल
वडाध्यक्ष

# लुम्बिनीको प्रदूषण चिन्ताजनक अवस्थामा

लुम्बिनी २४ चैत

अन्तर्राष्ट्रिय पर्यटकीय तथा धार्मिक स्थल लुम्बिनी वायु प्रदूषणको उच्च चपेटामा परेको छ । भैरहवा-लुम्बिनी कोरिडोरमा सञ्चालित दर्जनौं ठूला उद्योगले उत्सर्जन गर्ने धुँवा, धूलोका कारण विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्र प्रदूषित बनेको हो ।लुम्बिनी क्षेत्रमा १५ किलोमिटरभन्दा टाढामात्र उद्योग खोल्न पाउने नियम विपरीत १२ किलोमिटरभित्रै उद्योग सञ्चालनमा छन् । यो कोरिडोरमा दर्जन बढी सिमेन्ट उद्योगमात्रै सञ्चालनमा छन् भने छड, इँटा, कागज, खाद्य, सिन्थेटिक लगायतका तीन दर्जन बढी ठूला उद्योग छन् । यसबाहेक लुम्बिनी वरिपरि झण्डै तीन दर्जन इँटा उद्योग छन् ।



यी इँटा उद्योग पनि प्रदूषणको अर्को कारक हुन् ।विशेषगरी कोइला प्रयोग र इँटाका चिम्नीबाट निस्किने धुवाँको मुस्लोले वायु प्रदूषण बढाइरहेको छ । ती उद्योगले उत्सर्जन गर्ने कार्बन मोनोअक्साइड ग्याँसका कारण अन्तर्राष्ट्रिय पर्यटकीय स्थल लुम्बिनी प्रदूषणको चपेटामा परेको हो ।प्रदूषित वायुमा मिसिएका धातु र सिसाका कणले लुम्बिनीस्थित मायादेवी मन्दिर र अशोक स्तम्भ लगायत महत्वपूर्ण पुरातात्विक सम्पदामा समेत असर पर्न थालेको लुम्बिनी विकास कोषले जनाएको छ ।

## मुख्यमन्त्रीले...

तीनजना अविश्वास प्रस्तावको पक्षमा र तीनजना विपक्षमा उभिएका हुन् ।सोमबार बिहान मुख्यमन्त्री पोखरेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, माओवादी केन्द्र र जसपाबीच सहमति जुटिसकेको थियो ।

तर जसपाका सांसदहरु सन्तोष पाण्डे, विजय यादव र कल्पना पाण्डेले पार्टीको निर्देशनविपरीत अविश्वास प्रस्ताव दर्ता प्रकृयामा आनाकानी गर्दै पछि हटेपछि मुख्यमन्त्री पोखरेल नेतृत्वको सरकार माथिको संकट टरेको हो ।८७ सदस्यीय प्रदेश सभामा नेकपा एमालेका ४१, माओवादी केन्द्रका २०, नेपाली कांग्रेसका १९, जसपाका ६ र राष्ट्रिय जनमोर्चाका १ सदस्य छन् । मुख्यमन्त्री पोखरेललाई सरकार जोगाउन ४४ मत चाहिन्छ ।एमालेकै दुई प्रदेश सभा सदस्य माधव नेपाल समूहमा छन् । माओवादीका दुई जना सांसद माओवादी दल परित्याग गरी ओली नेतृत्वको एमालेमा प्रवेश गरेका छन् ।

दल परिवर्तन गरेका रूपन्देहीका दधिराम न्यौपाने र गुल्मीका दिनेश पन्थीलाई नेकपा माओवादी केन्द्रको संसदीय दल र पार्टीले कारबाही गर्दै प्रदेश सभामा जानकारी दर्ता गरिसकेको छ । मंगलबार हुने प्रदेश सभा बैठकको कार्यसूचीमा त्यसलाई समावेश गरिएको बताइएको छ ।मुख्यमन्त्री पोखरेलले भने माओवादी केन्द्रबाट प्रतिनिधित्व गर्ने दुई मन्त्री हटाउने तयारी गरेका छन् । माओवादी केन्द्रबाट लुम्बिनी प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानून मन्त्री कुलप्रसाद केसी तथा सामाजिक विकास मन्त्री सुदर्शन बराल सहभागी छन् ।प्रदेश सभामा नेकपा एमालेका प्रमुख सचेतक भुमिश्वर ढकालले मुख्यमन्त्री शंकर पोखरेलले मन्त्रिपरिषद् पुनर्गठन र माओवादी मन्त्रीहरुलाई हटाउने तयारी गरेको पुष्टि गरे ।

## भैरहवामा अत्याधुनिक पार्क उद्घाटन

भैरहवा २४ चैत

भैरहवामा ४५ करोड बढी लागतमा तयार भएको लुम्बिनी अम्युजमेन्ट पार्क एण्ड रिसोर्ट सेन्टर नया बर्ष देखी सञ्चालनमा आउँदै छ। यस क्षेत्रमै ठूलो लगानीको रुपमा रहेको वाटर पार्क सञ्चालनमा आउने भए पछि यसले आन्तरिक पर्यटकको साथै भारतका पर्यटकहरुलाई पनि आकर्षित गर्ने लक्ष्य राखिएको छ। पार्क यस अघि नै सञ्चालनमा ल्याउने तयारी रहे पनि कोभिडको कारण सञ्चालन लम्बिएको हो ।बैशाख १५ गते उदघाटन भए पछि पार्क सबैको लागी खुल्ला गरिने छ ।साढे ६ बिघा क्षेत्रफलमा रहेको पार्कमा वाटरपार्क, बैंकेट हल, रेष्टुरेण्ट, कन्फ्रेन्स हल, तथा रिसोर्ट लगायत अन्य मनोरञ्जन प्रदान गरिने लुम्बिनी अम्युजमेन्ट पार्क एण्ड रिसोर्ट सेन्टरका सञ्चालक कमल निरज बरालले जानकारी दिए।


## Shivraj Municipality
## Office of Municipal Executive
Chandrauta,Kapilvastu
Lumbini Provinance

### Invitation for electronic Bids

*Date of first publication: 25thchitra,2077(07thapril, 2021)*

The Shivraj Municipality, Office of the Municipal Executive, Chandrauta Kapilvastu invites online bids under e-procurementsystem from eligible bidders for the procurementof following Works. The bidders can visit the PPMO website for the brief description with Public entity name: Office of Municipal Executive Chandrauta,Kapilvastu.

| S.N | Contract ID | Name of Projects | Estimated Amount (Inclusive VAT)(NRs.) | Bid Security (NRs.) | Bid Doc fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|
| 1 | SM/RD/ 077/078-51 | Shivraj Ringroadko Bivinna Chainagema Sadak Marmat | 9601017.25 | 2,50,000 | 3,000.00 | 24thbaisakh,2078 (07th may, 2021) |

Chief Administrative Officer



## बर्दघाट नगरपालिका
### नगरकार्यपालिकाको कार्यलय बर्दघाट नवलपरासी

### सन्देशमुलक अनुरोध

१. खेतबारि बाँझो नराखौ। उत्पादनमा जोड दिऔं । उत्पादन बृद्धि गरौ।
२. खेति गर्दा प्राङ्गरिक मल प्रयोग लाई प्राथमिकता दिऔं। अर्गानिक कृषि उत्पादनमा लागौ ।
३. स्थानीय जातका बिउबिजनको संरक्षण गरौ। आत्म निर्भता बृद्धि गरौ।
४. मध्यपान त्यागौ दुगधपान गरौ, स्वस्थ्य बनौ । व्यवसायीक पशुपालनमा जोड दिऔ।
५. कृषि तथा पशुपालन गरौ, स्वरोजगार बनौ । समृद्ध नगर बनाउन सहयोग गरौ।
६. व्यवसायिक खेति तथा पशुपालनमा प्रबद्धनलाई सहयोग गरौ। आयत प्रतिस्थापनमा लागौ ।



## Bhumikasthan Municipality
## Office of Municipal Executive
Nuwakot, Arghakhanchi

### Invitation for BID

*Date of publication: 07-04-2021 (2077-12-25)*

1. A complete set of Bidding Documents may be purchased from the office Bhumikasthan Municipality, Nuwakot, Arghakhanchiby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee for tender documents as mentioned in the following table.Or

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost in the Bank:
Name of the Bank: Century Bank, Nuwakot, Arghakhanchi
Name of Office: Bhumikasthan Municipality
Rajaswa (Internal revenue) Account no. :0900000013GE Office Account no. 0900000004GE (Dharauti)

2. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchiat1:00 pm on 26-04-2021 (2078-01-13)

3. Sealed or electronic bids must be submitted to the office Bhumikasthan Municipality, Nuwakot, Arghakhanchiby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected.

4. Bidders other details are as given below:

| Tender No. | Name of Project | Bid Price | Estimate cost (with Vat) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid | submitted Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| 66/BMA/W/ST/2077/078 | NuwakotKhiljeeAsurkot JogitariMoterable Road Upgrading Work. | NRs. 3000.00 (Not Refundable) | 67,15,319.33 | NRs.1,68,000/- | 120 Days | 06-05-2021 (2078 -01-23) | 07-05-2021 (2078 -01-24)12:00 noon | 07-05-2021 (2078 -01-24)1:00 PM |
| 67/BMA/W/B/2077/078 | Basic Health Service Center Building Construction Works, Ward no 2 | NRs. 3000.00 (Not Refundable) | 3,289,713.19 | NRs. 82,500/- | | | | |

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

6. Other details are available on the E-Procurement Section of PPMO Web Sitewww.bolpatra.gov.np/egpand Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np



## वनलाई डढेलो बाट जोगाऊ

गर्मी यामसँगै हावाहुरी बढि चल्ने र वन डढेलो लाग्ने जोखिम पनि उच्च हुने भएकाले लाइटर, सलाई, हात, हतियार लगाएतका निशेधित वस्तुहरु लिएर वन क्षेत्रमा प्रवेश नगर्नुहुन सम्पूर्ण उपभोक्ताहरुमा हार्दिक अपिल गर्दछौं । वन डढेलोको कारण हरियो वन तथा वन्य जन्तुहरु नष्ट भई वातावरणीय असन्तुलन पैदा हुने खतरा हुन्छ तसर्थ वन संरक्षणमा योगदान पुऱ्याउन र आफुले जानेबुझेका कुरा गाउँ, घर, छरछिमेकीलाई पनि बुझाउन सबैमा सनिवय अनुरोध गर्दछौं ।

*वनमा हरित पेटी तथा अग्नि रेखा निर्माण गरि नियमित सफा गरौं, आगोको फैलावटमा बाधा पुऱ्याऔं।*



**आदर्श सामुदायिक वन उपभोक्ता समूह परिवार**
बुद्धभुमी न.पा- चंघाट, कपिलवस्तु

**सरेपानी सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा- ९, कपिलवस्तु

**बागेश्वरी सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा- ५,६ कपिलवस्तु

**डिभिजन वन गौतम बुद्ध कार्यलय कपिलवस्तु**
कपिलवस्तु

**कोटीहवा सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा- भलवाड, कपिलवस्तु

**तिलौराकोट साझेदारी वन व्यवस्थापन समिति परिवार**
कपिलवस्तु

**मुना सामुदायिक वन उपभोक्ता समूह परिवार**
बाणगंगा न.पा -२ कपिलवस्तु

**डिभिजन वन कार्यलय कपिलवस्तु**
कपिलवस्तु



बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सॉंस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं ।राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अखाद्य,सडेगलेको वा म्याद नाघेको वा अस्वाभाविक रुपमा बढि मुल्य लिने वा कम तौल बिक्री गरेको पाइयमा नजिको प्रहरी कार्यालयमा सम्पर्क गरौं ।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

उपभोग्य वस्तु खरिद गर्नु अघि अनिवार्य रुपमा वस्तुको मुल्य , उत्पादकको नाम ठेगाना ,तौल ,उत्पादन र उपभोग गर्न सकिने मिति हेरेर मात्र खरिद गरौं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

आफुले पालेका पशुपंक्षीलाई खुला रुपमा नछोडी थुनेर मात्र पालौं ।
अनुरोधक :-
यशोधरा गाउँपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गगता भएका व्यत्तीहरु प्रतिको नकारात्मक सोच आजै वाट अन्त्य गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

# सुडान भिडन्तमा ४० को मृत्यू



एजेन्सी २४ चैत

दक्षिणी सुडानको राजधानी डारफरनजिकै रहेको एल जेनेइना भन्ने स्थानमा स्थानीय र विद्रोही हतियारधारीहरूबीच भएका भिडन्तमा कम्तीमा पनि ४० जनाको ज्यान गएको छ। संयुक्त राष्ट्रसंघको मानवीय सहायता सम्बन्धी समन्वय कार्यालयले यो जानकारी दिएको हो।प्राप्त समाचारअनुसार सो क्षेत्रमा यही अप्रिल ३ तारिखदेखि भिडन्त भएको थियो। स्थानीय विद्रोही समूहहरू अल मासालित र अरब ट्राइबका बीच पछिल्लो भिडन्त भएको हो।यस भिडन्तका कारण कम्तीमा पनि ५८ जना घाइते भएका छन्। संयुक्त राष्ट्रसंघीय मानवीयता सहायतासम्बन्धी समन्वय कार्यालय (ओचा) ले त्यस क्षेत्रमा सोमबार पनि गोली हानाहान भएको सुनिएको जानकारी दिएको छात्यस क्षेत्रमा अहिले पनि ठूलो संख्यामा हतियारधारीहरू जम्मा भएर आपसमा भिडन्त गरिरहेको बताइएको छ। राष्ट्रसंघीय कार्यालयले दक्षिणी सुडानको एल जेनियामा रहेको मानवीय सहायता वितरणको काम नै रोकेको छासो कार्यालयले सुरक्षा अवस्था गम्भीर रहेकोले अहिलेका लागि सो क्षेत्रमा सहायता वितरणको काम रोकिएको जनाएको हो। सो क्षेत्रमा विगतका केही महिनादेखि हिंसा मच्चिएको छ।

# अधिबेशन छिटो अन्त्य भएकोमा असन्तुष्टि

कपिलवस्तु २४ चैत

लुम्बिनी प्रदेश सभाको सातौ अधिवेसन छिट्टै अन्त्य गरिएको प्रति सांसदहरुले आपत्ती प्रकट गरेका छन्। चालु अधिवेसनको अन्तिम बैठकमा बोल्दै उनीहरुले राष्ट्रिय राजनीतिलाई देखाएर अधिवेसन अन्त्य गर्न नपाइने बताएका थिए। बैठकमा नेपाली कांग्रेसका प्रदेश सभा सदस्य विर वहादुर रानाले हिउँदे अधिवेसन अन्त्य गरेर मुख्यमन्त्रीले लोकतन्त्र उपयोग गरेर अर्को अधिनायक बाद लादेको बताए।

'तत्कालिन समयका शासक जस्तै अहिले पनि त्यही सैलीमा लोकतन्त्रलाई उपयोग गरेर अर्को अलोकतान्त्रीक गतिविधि र अधिनायक बाद लाध्न खोजियो त्यस प्रति हाम्रो आपत्ती छ।' उनले भने छोटो समयमा जुन ढंगले सभालाई अन्त्य गर्न खोजियो। राष्ट्रिय राजनीतिलाई देखाएर प्रदेश सभा अन्त्य गर्न पाइँदैन।'उनले मुख्यमन्त्री पनि केन्द्रीय छाडातन्त्रमा लागेको आरोप लगाए।

प्रतिपक्षले कहाँ नेर अफ्ठ्यारो पार्यो र अधिवेशन अन्त गर्न खोजेको भनेर उनले प्रश्न गरे। माओवादी केन्द्रका सांसद कृष्णध्वज खड्काले प्रदेश सभाबाट सरकार किन आतंकित भइरहेको भनि प्रश्न गरे। 'आजबाट संसद अन्त्य हुँदै छ। संसदबाट सरकारहरु किन आतंकित छन्।' उनले भने 'कतै अविश्वासको प्रस्ताव आउन लाग्यो भन्ने शंकाले हो? त्यसको सामना गर्ने आँट छ भनेर मुख्यमन्त्रीले भन्नुभएको थियो। आज किन तर्सिनुपर्यो?' खड्काले लुम्बिनी प्रदेशले नमुना देखाउनुपर्नेमा तर्सेर भागेको आरोप लगाए।


## श्रम ऐन,२०७४ को पालना गरौं, श्रमिक,श्रमिक आपुर्तिकर्ता र रोजगारदाता सजग बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


# डोरीतान संघको च्याम्पेन्सीप प्रतियोगिता



कपिलवस्तु २४ चैत

राष्ट्रका लागि खेल स्वास्थ्यका लागि खेल भन्ने मुल नाराका साथ कपिलवस्तुमा जिल्लस्तरिय प्रथम खुल्ला च्याम्पेन्सिप डोरीतान प्रतियोगिता सम्पन्न भएको छ।नेपाल डोरितान सघ जिल्ला कार्यसमिती कपिलवस्तुको आयोजनामा सम्पन्न प्रतियोगितामा कपिलवस्तु जिल्लाका ९/९ महिला पुरुष गरि १८ टोलको सहभागिता रहेको थियो।

बुद्दभुमी नगरपालिकाको खेल मैदनमा सम्पन्न जिल्लास्तरिय खेलमा महिला तर्फ वाणगंगा प्रथम , शिवराज द्धितिय , विजयनगरले तृतिय स्थान हासिल गरेको छ। यता पुरुष तर्फ कृष्णनगर प्रथम ,बुद्धभुमि द्धितिय , महाराजगंजले तृतिय हासिल गरेको छ । प्रतियोगिमामा ६०० केजी समुह पुरुष र ४८० केजी समुह महिलाको रहेको थियो । विजयी टिमलाई प्रमाण पत्र, ट्रफी, मेडल, शिल्ड सहित सम्मान गरिएको छ । महिला तर्फ प्रथम स्थान हासिल गरेको वाणगंगा आगामी वर्ष प्रतियोगिताको आयोजना हुने आयोजकले बताएको छ।

प्रतियोगितामा प्रथम भएको पुरुषको टोलि चैत्र २७,२८,२९ मा सुनसरिमा हुने अन्तराष्ट्रीय डोरीतान खेलमा नेपालको प्रतिनिधित्व गर्ने छन।सुनसरीमाहुनेप्रतियोगितामानेपाल, भारत, भुटान, श्रीलंका, अफगानस्थान लगायतका देश बिच प्रतिस्प्रधा हुने सघंका प्रदेश अध्यक्ष नवराज खरेल लेबताउनु भयो ।

यता डोरीतान सघं कपिलवस्तुका अध्यक्ष मिनराज बेल्वासेको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै बुद्दभुमी नगरपालिकाला नगरप्रमुख केशव कुमार श्रेष्ठले डोरीतान खेल प्राचिनकाल देखी खेलिदैं आएको र यसको संरक्षण गर्नुपर्नेमा जोड दिनुभएको छ । खेलमा सहयोग गर्ने सबै स्थानिय तहलाई धन्यवाद व्यक्त गर्दै खेल क्षेत्रलाई माथि उकास्न सधैव सहयोग गर्ने प्रतिवद्दता व्यक्त गर्नुभएको छ।

कार्यक्रममा डोरीतान सघ लुम्विनी प्रदेशका अध्यक्षनवराज खरेल,जिल्ला खेल विकास समितिका कार्यालय प्रमुख मिन पौडेल लगायतको उपस्थिति रहेको थियो भने कार्यक्रमको सञ्चालन खजिल्ला सचिव दामोदर खनालले सञ्चालन गर्नुभएको थियो ।

# टी-२० क्रिकेटमा गुल्मी र रोल्पा विजयी



रुपन्देही २४ चैत

रुपन्देहीमा भएको टी २०प्रतियोगिताको पहिलो खेलमा गुल्मीले रुकुमलाई ३३ रनले पराजित गर्‍यो । टस हारेर व्याटिङको निम्तो पाएको गुल्मीले चार विकेटको क्षतिमा एक सय २७ रन बनायो । प्रशान्त श्रेष्ठले ६१ र भगत खड्काले १६ रन बनाए। रुकुमका सनिस केसी र गणेश डडेलले समान दुई/दुई विकेट लिए। जवाफी व्याटिङ गर्न आएको रुकुम १६ ओभर तीन बलमा अलआउट हुँदै ९४ रनमै समेटियो । उसका लागि युवराज खत्रीले ३६ रन बनाए पनि अन्य ब्याट्सम्यानले दोहोरो अंक जोड्न सकेनन् । बलिङमा गुल्मीका नवीन हिताङले तीन, सुमित गुरुङ र प्रशान्त श्रेष्ठले समान दुई/ दुई विकेट लिए । म्यान अफ दी म्याच प्रशान्त श्रेष्ठ भए।

दोस्रो खेलमा रोल्पाले अर्घाखाँचीलाई १५ रनले पराजित गर्‍यो । टस हारेर ब्याटिङको निम्तो पाएको रोल्पाले ६ विकेटको क्षतिमा एक सय ३० रन बनायो। उसका लागि अंकित बुढामगरले ५३, हस्त माली पुनमगरले २२ र हिमाल सुहारले दश रन बनाए । बलिङमा अर्घाखाँचीका पदम मुखियाले तीन विकेट लिए । प्रतिउत्तरमा अर्घाखाँची नौ विकेटको क्षतिमा एक सय १५ रनमा सीमित भयो । जसमा सुमन खड्काले २२, सागर खत्रीले २१ र कमल घिमिरे १५ रन बनाए। बलिङमा रोल्पाका अजय डाँगीले चार विकेट लिए । अंकित बुढामगर म्यान अफ द म्याच भए । भोली पहिलो खेल रुपन्देही र गुल्मीबीच तथा दोस्रो प्रतिस्पर्धा कपिलबस्तु र अर्घाखाँचीबीच हुनेछ।













कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, बजार व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , प्रदेश नं. ५ , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही